# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा , कपिलवस्तु
लुम्बिनी प्रदेश , नेपाल

प.सं. ०७८/७९ ( शिक्षा)
चलानी नं. ८९६

मितिः २०७८/०५/२९

**विषयः शिक्षण सिकाई क्रियाकलाप सञ्चालन सम्बन्धमा ।**

श्री सम्पूर्ण विद्यालयहरु
कपिलवस्तु नगरपालिका, कपिलवस्तु

प्रस्तुत विषयमा लामो समयदेखि कोभिड -१९को प्रभावका कारण बन्द रहेका विद्यालयहरु खोल्ने सम्बन्धमा कोभिड -१९ संकट व्यवस्थापन केन्द्रले जारी गरेको स्मार्ट लकडाउन र नेपाल सरकार , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको "विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा -२०७७" को अधिनमा रहि विद्यालयलाई एक सिकाई केन्द्रको रुपमा कायम गरी मिति २०७८/०५/३० देखि सबै विद्यालयहरुमा तपसिल बमोजिमका न्यूनतम स्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्यरुपमा पालना गरी बालवालिकाको सिकाई निरन्तरताको लागि भौतिक उपस्थितिमा शिक्षण सिकाई सहजिकरण सञ्चालन गर्ने भनि कपिलवस्तु नगरपालिका नगर शिक्षा समितिको मिति २०७८/०५/२९ को बैठकको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

- विद्यालयको प्रवेश गेटमा वा कक्षाकोठामा जानुभन्दा पहिले साबुन पानीले हात धुने व्यवस्था मिलाउनु पर्नेछ ।
- शिक्षक तथा विद्यार्थीहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्नेछ ।
- वालवालिकाहरु सिकाई केन्द्रमा आउँदा र जाँदा समेत भौतिक दुरी कायम हुने व्यवस्था मिलाउनु पर्नेछ ।
- सिकाई केन्द्रमा आउने शिक्षक तथा विद्यार्थीहरुमा कोभिड -१९ सँग सम्बन्धी कुनै लक्षण देखा परेमा स्वास्थ्य केन्द्रमा परिक्षणका लागि पठाउने ।
- विद्यार्थी संख्या र कक्षाकोठाको अनुपात अनुसार आवश्यकता अनुसार आलोपालो सिफ्टमा कक्षा सञ्चालन गर्ने ।

हरि प्रसाद ज्ञवाली
उप-सचिव

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय , कपिलवस्तु
श्री जिल्ला प्रहरी कार्यालय , कपिलवस्तु